गण्डकी प्रदेश समन्वय परिषद्को दोश्रो बैठक

२०७५ मंसिर ११ र १२ गते

पोखरा

## निर्णयहरु

१. माननीय मुख्यमन्त्रीज्यूबाट प्रस्तुत "प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५" स्वीकृत गरियोस् भन्ने प्रस्तावमा तपशील बमोजिमको संशोधन सहित उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने ।

तपशीलः

(क) कार्यविधिको शीर्षस्थानमा कार्यविधिको नाम "प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि" प्रस्ताव गरिएकोमा त्यसको अगाडि 'गण्डकी' थपी "गण्डकी प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५" कायम गर्ने ।

(ख) दफा १ को उपदफा (१) मा कार्यविधिको नाम "गण्डकी प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५" राख्ने ।

(ग) दफा २ को खण्ड (ङ) मा रहेको 'स्थानीय तह' भन्नाले "गण्डकी प्रदेश भित्रका गाउँपालिका र नगरपालिका सम्झनुपर्छ" भन्ने वाक्यांशको सट्टा "गण्डकी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ" भन्ने वाक्यांश राख्ने ।

(घ) दफा ५ को उपदफा (३) मा रहेको वाक्यको सट्टा देहायको वाक्य राख्नेः

देहायः "स्थानीय तहको तर्फबाट प्रदेशभित्रका सबै गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई बैठकमा प्रस्तुतीकरण गर्न कम्तिमा पाँच/पाँच मिनेट समय दिनु पर्नेछ ।"

(ङ) दफा १९ मा रहेको "सभाको कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानून विपरित बाहेकको कार्य अमान्य हुने छैन" भन्ने वाक्यांशको सट्टा "सभाको कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल



२०७५।०८।१२
मुख्यमन्त्री

लिएको कुरा पछि पत्ता लागेमा सोही कारणले भैसकेको कार्य वा निर्णय बदर हुने छैन" भन्ने वाक्यांश राख्ने ।

(च) दफा २२ को उपदफा (१) को खण्ड (ग) मा "बधाई दिने वा शोक प्रकट गर्ने" भन्ने शब्दहरूको सट्टा "बधाई दिने" भन्ने शब्दहरू राख्ने ।

(छ) दफा २२ को उपदफा (१) को खण्ड (च) पछि खण्ड (छ) थप गरी उक्त खण्डमा "शोक प्रकट गर्ने" भन्ने वाक्यांश उल्लेख गर्ने ।

२. गण्डकी प्रदेशभित्रका सबै स्थानीय तहहरूको कार्यालय भवन निर्माण गर्नका लागि नेपाल सरकारसँग आवश्यक बजेट माग गर्ने ।

३. गण्डकी प्रदेशभित्रका सबै स्थानीय तहहरुले स्थानीय रूपमा उत्पादनमा बृद्धि हुने, रोजगारी सिर्जना र गरिबी निवारण हुने खालका आयोजना तथा कार्यक्रमहरुलाई योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिने ।

४. गण्डकी प्रदेश सरकारले घोषणा गरेका आधारभूत खानेपानी र उज्यालो प्रदेश कार्यक्रमलाई दुई वर्षभित्र पूरा गर्न सबै स्थानीय तहहरुले सहयोग गर्ने ।

५. यस प्रदेशभित्रका स्थानीय तहहरुले योजना तर्जुमा एवं प्राथमिकीकरण गर्दा प्रदेश सरकारले घोषणा गरेका नीति तथा कार्यक्रमहरुसँग सामन्जस्यता कायम गर्दै ठूला आयोजनाहरुमा बजेट व्यवस्था गर्ने ।

६. प्रदेश तथा स्थानीय तहहरु सबैले आफ्नो क्षेत्रको समग्र विकासका लागि गुरुयोजना एवं आयोजना बैंक तयार गर्ने ।

७. प्रदेश र स्थानीय तहहरुको कार्यसञ्चालनका लागि आवश्यक पर्ने कानून तथा कार्यविधिहरु सम्बन्धित तहले यथाशीघ्र तर्जुमा गरी कार्यान्वयन गर्ने । यस्ता कानूनी पूर्वाधार बनाउँदा स्थानीय तहको कानून निर्माण प्रकृया सम्बन्धी ऐन, २०७५ को प्रकृया अवलम्वन गर्ने ।

८. सबै स्थानीय तहहरूले बजेट, कार्यक्रम र आवधिक योजना बनाउँदा मध्यकालिन खर्च संरचना (MTEF) सहित आवश्यक श्रोत र उपलब्धताको विश्लेषण गरी मध्यकालिन खर्च संरचना विश्लेषण गर्ने व्यवस्था गर्ने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

मुख्यमन्त्री

९. गण्डकी प्रदेश सरकारले सन् २०१९ मा आन्तरिक पर्यटन वर्ष, सन् २०20 मा छिमेकी देश पर्यटक भ्रमण वर्ष र सन् २०२२ लाई अन्तर्राष्ट्रियस्तरको पोखरा पर्यटन भ्रमण वर्ष मनाउने। सन् २०२२ सम्ममा २० लाख पर्यटक भित्र्याउने गण्डकी प्रदेशको योजना लाई सहयोग गर्न स्थानीय तहहरुले उत्पादन बृद्धि, ताल पोखरी कुण्डहरुको संरक्षण, मनोरञ्जन पार्क निर्माण, ऐतिहासिक तथा धार्मिक स्थलहरुको मर्मत संभार, नयाँ गन्तव्य स्थान पहिचान, संग्रहालयहरुको प्रवर्धन तथा निर्माण र पूर्ण सरसफाईमा ध्यान दिंदै वातावरणमैत्री गाउँ एवं शहर निर्माण गर्ने ।

१०. गण्डकी प्रदेशभित्रका भूमिहीन, पछाडि परेका, विकट क्षेत्र, अपांग, जेष्ठ नागरिकहरुलाई उत्प्रेरणा जगाउन उनीहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम तर्जुमा गर्न प्राथमिकता दिने ।

११. जिल्ला समन्वय समितिहरुको भूमिका प्रभावकारी बनाउन प्रदेश एवं स्थानीय तहहरुले आवश्यक सहयोग र समन्वय गर्ने ।

१२. स्थानीय तहहरु एवं प्रदेश सरकारबीच प्रभावकारी समन्वय एवं हातेमालो प्रवर्धन गरी गण्डकी प्रदेशको समृद्धिको मार्गचित्र तय गर्ने ।

१३. प्रदेश र स्थानीय तहले आगामी वर्षको कार्यक्रम तथा वजेट तर्जूमा गर्नु अगाडि आ–आफ्नो सरकारको स्थितिपत्र, आवधिक योजना र त्रिवर्षीय मध्यावधि खर्च संरचना तर्जुमा गर्ने ।

१४. नेपालको संविधानको मर्म, भावना र प्रावधान वमोजिम संघ, प्रदेश र स्थानीय तहवीच वित्तीय स्रोतको बाँडफाँट गर्दा प्रदेश र स्थानीय तहको आवश्यकतालाई मध्यनजर गर्दै सन्तुलित र पारदर्शी रुपमा गर्न संघीय सरकारको ध्यानाकर्षण गराउने ।

१५. आवश्यक जनशक्तिको अभावको कारणले गर्दा प्रदेश र स्थानीय तहले संविधान र कानुन वमोजिम सम्पादन गर्नुपर्ने कार्यहरु प्रभावित भइरहेको परिप्रेक्ष्यमा यथाशीघ्र कर्मचारी समायोजनको कार्य टुंग्याउन संघीय सरकारको ध्यानाकर्षण गराउने एवं कर्मचारी समायोजन नहुन्जेलसम्म प्रदेश एवं स्थानीय तहहरुले करारमा कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था मिलाइदिन संघीय सरकारलाई अनुरोध गर्ने ।

१६. हामी संघीयता कार्यान्वयनको नयाँ एवं महत्वपूर्ण चरणमा रहेको सन्दर्भमा संविधानको मर्म र भावना अनुसार संघ, प्रदेश र स्थानीय तहवीच सहकारिता, सहअस्तित्व र समन्वयको

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

मुख्यमन्त्री

सिद्धान्तमा आधारित सम्वन्धलाई अझ प्रभावकारी र घनिभूत वनाउन तिनै तहवीच निरन्तर सम्वाद एवं अनुभव आदान प्रदान गर्ने ।

१७. प्रदेशबाट विनियोजित वजेट तथा कार्यक्रमहरु संघ र स्थानीय तहमा समेत वजेट विनियोजन भएकोमा प्राविधिक रुपमा सक्षम निकायवाट एकीकृत रुपमा कार्यक्रम कार्यान्वयन गर्ने ।

१८. प्राकृतिक सोत साधनको उपयोग, व्यवस्थापन र सोमा आधारित कर संकलनमा संघ र प्रदेश सरकारवाट जारी ऐन नियम र मापदण्डको पालना गर्ने । प्राकृतिक सोतमा आधारित दहत्तर बहत्तर शुल्क लगायत प्रदेश आर्थिक ऐनवाट तोकिएका कर तथा गैरकर रकम विभाज्य कोष, प्रदेश सञ्चित कोष, तथा स्थानीय सञ्चित कोषमा जम्मा हुने प्रवन्ध मिलाउने ।

१९. गिटी, बालुवा, क्रसर उद्योगलाई व्यवस्थित गर्न संघ र प्रदेशको कानुनलाई अनुशरण गर्ने तथा कानून बमोजिम नियमन गर्ने ।

२०. प्रदेश समन्वय परिषदको बैठक नबसेको बेला तत्काल कुनै कार्य गर्नु परेमा तत्काल पछि बस्ने गण्डकी प्रदेश समन्वय परिषदको बैठकले अनुमोदन गर्ने गरी आवश्यक कार्य गर्न देहाय बमोजिमको एक "गण्डकी प्रदेश समन्वय सहजीकरण समिति " गठन गर्ने ।

<u>गण्डकी प्रदेश समन्वय परिषद् सहजीकरण समिति</u>

१. माननीय मुख्यमन्त्री –संयोजक

२. माननीय आर्थिक मामिला तथा योजना मन्त्री –सदस्य

३. माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री –सदस्य

४. माननीय भौतिक पूर्वाधार विकास मन्त्री –सदस्य

५. माननीय सामाजिक विकास मन्त्री –सदस्य

६. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री –सदस्य

७. माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री –सदस्य

८. जिल्ला समन्वय समिति, स्याङजाका प्रमुख सिता सुन्दास –सदस्य

९. पोखरा महानगरपालिकाका प्रमुख मानवहादुर जि.सी. –सदस्य

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

मुख्यमन्त्री

१०. वेसिशहर नगरपालिका, लमजुङका प्रमुख गुमानसिंह अर्याल – सदस्य

११. वारपाक सुलिकोट गाउँपालिका, गोर्खा अध्यक्ष विष्णु भट्ट – सदस्य

१२. वन्दीपुर गाउँपालिका, तनहुँका अध्यक्ष पूर्णसिंह थापा – सदस्य

१३. हुप्सेकोट गाउँपालिका, नवलपुरका अध्यक्ष लक्ष्मी पाण्डे – सदस्य

१४. कुश्मा नगरपालिका, पर्वतका प्रमुख रामचन्द्र जोशी – सदस्य

१५. वरेङ गाउँपालिका, बागलुङका अध्यक्ष कृष्ण पोडेल – सदस्य

१६. घरपझोङ गाँउपालिका, मुस्ताङका उपाध्यक्ष शर्मिला गुरुङ – सदस्य

१७. अन्नपूर्ण गाउँपालिका, म्याग्दीका उपाध्यक्ष केशमाया मगर – सदस्य

१८. नेस्याङ गाउँपालिका, मनाङका अध्यक्ष कान्छा घले – सदस्य

१९. गोरखा नगरपालिका, गोरखाका प्रमुख राजनराज पन्त – सदस्य

२०. भीरकोट नगरपालिका, स्याङ्जाका उपप्रमुख सीमा के.सी कर्माचार्य – सदस्य

२१. गण्डकी प्रदेशका प्रमुख सचिव – सदस्य सचिव

समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गरी कार्यसम्पादन गर्नेछ ।

२१. स्थानीय तहमा निर्माण गर्नुपर्ने कानुनका विषयमा आवश्यक सहजीकरण एवं क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने ।

स्थानीय तहमा कानुन तर्जुमा सहजिकरण समिति

१. गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता – संयोजक

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिव – सदस्य

३. जिल्ला समन्वय समिति, पर्वतका प्रमुख मनोहर वि. पौडेल – सदस्य

४. पुतली वजार नगरपालिका, स्याङजाका प्रमुख सिमा क्षेत्री – सदस्य

५. व्यास नगरपालिका, तनहुँका प्रमुख वैकुण्ठ न्यौपाने – सदस्य

६. ताराखोला गाउँपालिका, बागलुङका अध्यक्ष प्रकाश घर्ती –सदस्य

७. गलकोट नगरपालिका, बाग्लुङ्गका प्रमुख भरत शर्मा –सदस्य

८. आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव –सदस्य सचिव

समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गरी कार्यसम्पादन गर्नेछ ।

२२. स्थानीय तहमा योजना तर्जुमाको विषयमा आवश्यक सहजीकरण एवं क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्न देहाय बमोजिमको एक स्थानीय तह योजना तर्जुमा सहजीकरण समिति गठन गर्ने ।

<u>स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समिति</u>

१. गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष –संयोजक

२. गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य –सदस्य

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखाका सचिव –सदस्य

४. जिल्ला समन्वय समिति, कास्कीका प्रमुख बैन बहादुर क्षेत्री –सदस्य

५. शुक्लागण्डकी नगरपालिका, तनहुँका प्रमुख किसान गुरुङ –सदस्य

६. गैंडाकोट नगरपालिका, नवलपुरका प्रमुख छत्र पौडेल –सदस्य

७. आँधिखोला गाउँपालिका, स्याङजाका अध्यक्ष सुधिर पौडेल –सदस्य

८. मादी गाउँपालिका, कास्कीका अध्यक्ष वेदवहादुर गुरुङ –सदस्य

९. पालुङटार नगरपालिका, गोर्खाका उपप्रमुख पम्फा वसेल –सदस्य

१०. अन्नपूर्ण गाउँपालिका, कास्कीका अध्यक्ष युवराज कुँवर –सदस्य

११. मालिका गाउँपालिका, म्याग्दीका उपाध्यक्ष खरमाया विटालु –सदस्य

१२. मध्यनेपाल नगरपालिका, लमजुङ्गका प्रमुख रमेश पाण्डे –सदस्य

१३. आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव –सदस्य सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गरी कार्यसम्पादन गर्नेछ ।

२३. गण्डकी प्रदेश अन्तर्गत कार्यथलो बनाई कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले सेवा प्रवाह गर्दा स्थानीय सरकार तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र निर्देशनमा रही गर्ने ।

२४. गण्डकी प्रदेशभित्र कर चुहावट रोक्ने प्रतिवद्धता सहित करको दायरालाई फराकिलो बनाउँदै निजी लगानीकर्ताहरुलाई भित्र्याउन पहल गर्ने ।

२५. जिल्ला समन्वय समितिको खातामा यस अघि निष्क्रिय रुपमा रहेको कोष स्थानीय तहहरुको संरचना बनाउनको लागि विनियोजन गर्ने व्यवस्था मिलाउन नेपाल सरकारसँग अनुरोध गर्ने ।

२६. गण्डकी प्रदेश अन्तर्गत रहेका सम्पूर्ण नगर विकास समितिहरु खारेज गर्नका लागि नेपाल सरकारसँग अनुरोध गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

०७५/८/१३

मुख्यमन्त्री